जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१२ पृष्ठः ४ | २०८२ मंसिर २८ आइतबार (Sunday 14 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## भौतिक पूर्वाधार र शैक्षिक सुधारमा फड्को मार्दै जेएस मुरारका क्याम्पस



**जीवछ यादव**

लहान, २७ मंसिर। लहान वडा नम्बर १० स्थित सामुदायिक जेएस मुरारका बहुमुखी क्याम्पस लहान भौतिक पूर्वाधार शैक्षिक सुधारमा पडको मार्न थालेको छ । २०४४ सालमा तत्कालीन लहान नगरपञ्चायत र लहानका लब्ड प्रतिष्ठित उद्योगपति प्रमेश्वर मुरारकाले दाता भएर निर्माण गरिएको यस क्याम्पसले यस भेगमा उच्च शिक्षा दिने प्रमुख क्यामपस रहेको छ ।

पूर्वमा राजविराज पश्चिममा सिरहा उच्च शिक्षाका लागि जानुपर्ने बाध्यताका कारण विपन्न किसान मजदुरको सन्तान उच्च शिक्षाबाट बञ्चित रहनु परेको अवस्थामा क्याम्पसको स्थापना भएपछि तीन दशकभन्दा बढी समयदेखि उच्च शिक्षाका लागि प्रमुख केन्द्र बनेको छ ।

लहानस्थित पशुपति आदर्श माध्यमिक विद्यालयमा कक्षा सञ्चालन गरेर सुरु भएको यस क्याम्पको लागि लहान नगरपालिकाका तत्कालिन नगरपञ्चायतका प्रधानपञ्च लगनलाल चौधरीले २३ विघा जमनी खरिद गरी दिएपछि दाता प्रमेश्वरी मुरारकाले २३ कोठे दुई तल्ले भवन निर्माण गरी दिएर क्याम्पसको नमाकरण ऐजए मुरारका बहुमुखी क्याम्पस नमाकरण गरिएको थियो।

अहिले विश्व विद्यालय अनुदान मधेश प्रदेश सरकारको सहयोगमा करोडौंको लागतमा विज्ञान भवन र दाता मुरारका परिवारको तर्फबाट स्वर्गीय प्रमेश्वरी मुराकाको नाउँमा एक करोडभन्दा बढीको लागतमा अति आधुनिक विज्ञान प्रयोगशाला निर्माण भएको छ। विश्व विद्यालयबाट र मधेश प्रदेशबाट समेत नमूना क्याम्पसको रुपमा विकास गर्दै गएको ठहर गरेर प्रत्ययन गुणस्तरीय चिन्ह प्राप्त र प्रथम पुरस्कार समेत प्राप्त गरेको छ । विज्ञान वाणिज्य शिक्षा कला लगायतका स्नाकोत्तरसम्म अध्ययनरत चार हजारको हाराहारीमा

**-बाँकी दुई पेजमा**

## प्रतिबन्धित मुङ्ग्री माछा नष्ट



सिरहा, २७ मंसिर। नेपाल प्रहरीले भारतबाट अवैध रूपमा ल्याइएको प्रतिबन्धित मुङ्ग्री जातको करिब १०० केजी माछा बरामद गरी नष्ट गरेको छ। विशेष सूचनाको आधारमा प्रहरीले बिहीबार सिरहाको गोलबजार-धनगढी सीमाक्षेत्रको गागन खोलाबाट उक्त माछा नियन्त्रणमा लिएर नष्ट गरेको हो। इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख तथा प्रहरी निरीक्षक सुदन केसीका अनुसार माछासहित तस्करीमा प्रयोग भएको एक मोटरसाइकल पनि बरामद गरिएको छ। बरामद गरिएको माछा गोलबजार-८ चोहर्वाका राजा सहनीको भएको प्रहरीले जनाएको छ।

स्थानीयका अनुसार सहनीले दैनिक रूपमा आधा दर्जन जति मोटरसाइकल प्रयोग गरी भारतबाट प्रतिबन्धित मुङ्ग्री तथा जलकपुर जातका माछा ल्याएर लहान, धनगढी, गोलबजार, मिर्चैया, विष्णुपुर र सिरहा सदरमुकामका व्यापारीहरूलाई आपूर्ति गर्दै आएका थिए। उनले सीमा

## चिसो मौसममा सुरक्षित रहौं।

**चिसो मौसममाः**

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कमला पुलको गलत डिजाइनविरुद्ध छानबीन प्रक्रिया थालिदै



सिरहा, २७ मंसिर। गलत डिजाइनकै कारण धनुषा-सिरहा जोड्ने कमला नदीको निर्माणाधीन पुल भाँसिएको खुलेपछि सडक विभागका उच्च तहका अधिकारीहरूविरुद्ध छानबिनको तयारी थालिने बुझिएकोछ। महालेखा परीक्षकको प्रतिवेदन-२०७९ ले पुलको डिजाइनमा 'गम्भीर प्राविधिक त्रुटि' भएको भन्दै प्रारम्भिक चरणमै कमजोरीका कारण संरचना नै असफल भएको निष्कर्ष निकालेको थियो। प्रतिवेदन अनुसार पुलको पाइल (पाया) को लम्बाइ आवश्यक मानकभन्दा अत्यन्त कम राखिएको, माटो परीक्षणका लागि खन्नुपर्ने बोरहोलको संख्या र गहिराइ पर्याप्त नभएको, र निर्माणका क्रममा अनिवार्य मानिने 'पाइल लोड टेस्ट' नै नगरिएको सहितका प्राविधिक त्रुटिका कारण पुल भासिन गएको प्रतिवेदनले स्पष्ट पारेको हो।

उक्त पुलको प्रारम्भिक डिजाइन तत्कालीन पुल महाशाखाका सीडीई तथा हाल सडक विभागका महानिर्देशक डा. बिजय जैशीले तयार पारेका थिए भन्ने उल्लेख प्रतिवेदनमा छ। यस्तै, विभागका उपमहानिर्देशक प्रभातकुमार झा समेत यो प्रक्रियामा संलग्न रहेकाले दुवै अधिकारीसहित सम्बन्धित संरचनात्मक, प्राविधिक तथा प्रशासनिक जिम्मेवारीमा रहेका अन्य पदाधिकारी छानबिनको दायरामा पर्ने संकेत प्रतिवेदनले दिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा सडक विभागले प्रतिवेदनका निष्कर्ष अनुसार थप अनुसन्धान अघि बढाउने र आवश्यक अनुशासनात्मक कारबाही प्रक्रिया अघि बढाउने तयारी थालेको मन्त्रालय श्रोतले जनाएको छ। १४ वर्षसम्म कमला पुल बन्न सकेन भन्ने तिव्र आलोचना हुन थालेपछि भौतिक पूर्वाधार मन्त्री कुलमान घिसिङले

**-बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## भविष्यमुखी नेतृत्व छान्ने मौका

भदौ २३ र २४ मा भएको विध्वंसमा तारो बनाइएको र सबैभन्दा बढी क्षति भोगेको राजनीतिक पार्टीमध्ये प्रमुख एउटा दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) धुलो टकटक्याउँदै भुइँबाट उठ्नेमा पनि पहिलो नै हुनपुगे छ। भक्तपुरको सल्लाघारीमा हनिवार १औं महाधिवेशन उद्घाटन गरिएपछि एमाले पहिलो जुझारु पार्टी देखिन पुगेको हो। जेन–जीका नाममा भएको आन्दोलन र विद्रोहको एउटा प्रमुख पक्ष एमाले नै थियो। विद्रोहका कारण विस्थापित गरिएको सरकारको नेतृत्व एमालेका अध्यक्ष खड्गप्रसाद ओलीले गरेका थिए। सरकारमा संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस पनि सहभागी थियो। नियमित महाधिवेशन नै गरिहाल्नुपर्ने अवस्थामा रहेको कांग्रेस भने लामो समयसम्म निर्णयविहीन अवस्थामा रह्यो।

जीवन्त राजनीतिक दलका रूपमा एमालेको यो सक्रियता पक्कै पनि अरू दलका लागिसमेत अनुकरणीय छ। स्मरणीय छ, विधानतः एमालेको महाधिवेशन गरिहाल्नुपर्ने वाध्यता थिएन। तर, जेन–जी आन्दोलनपछिको परिस्थितिका कारण एमालेले अग्रीम महाधिवेशन गर्ने निर्णय लिएको हो। त्यसो त, अध्यक्ष ओलीमाथि पद छाड्नका लागि पार्टी पङ्क्तिबाटै चर्को दबाब पनि परेको थियो। एमालेमा पछिल्ला दिनमा विकसित घटनाक्रम र परिस्थिति हेर्दा नेतृत्व परिवर्तन हुने सम्भावना भने निकै कम देखिन्छ। यद्यपि, अध्यक्ष ओलीको विरोध पार्टीबाहिर झन् बढी हुनाले नेतृत्व परिवर्तन दलको छविका लागि महत्त्वपूर्ण हुनसक्छ।

एमाले नयाँ बनेर उभिन्छ कि पुरानै रहन्छ भन्ने सबैभन्दा बढी चिन्ता त पक्कै पनि सोही पार्टीका नेता कार्यकर्तालाई हुन्छ तर एमालेको महाधिवेशनप्रति सबै नेपालीको चासो र अपेक्षा भने छ। तर, नेतृत्व परिवर्तन गर्ने कि नगर्नेलगायत आगामी दिनमा पार्टीलाई कसरी अगाडि बढाउने भन्ने निर्ण भने एमालेजनले नै गर्ने हो। एमालेका नेता कार्यकर्ताबाहेक अरूले चासो वा चाहना राखे पनि हस्तक्षेप गर्ने अधिकार हुँदैन।

अहिले पुराना ठूला दलहरू र त्यसमा पनि कांग्रेस र एमालेलाई नेपाली राजनीतिका खलनायकको रूपमा चित्रण गरिएको छ। बुझ्न र पढ्नभन्दा सामाजिक सञ्जालमा तयार गरिएको कुटिल भाष्यलाई सत्य मान्नेहरू निर्णायक हुँदैगएको भए पनि मध्ययुगीन अन्धकारबाट देशलाई आधुनिक संसारमा ल्याउन कांग्रेस र एमालेले गरेको योगदानको अवज्ञा गर्न मिल्दैन। विडम्बना, अहिलेको पुस्ता इतिहास पढ्दैन। यसैले एमालेका नेताहरूका सामु एमालेजनमात्र होइन देशलाई नै अराजक अधिनायकवादको बाटामा जान रोक्नका लागि सक्षम नेतृत्व चयन गर्नुपर्ने चुनौती छ। एमालेले राजनीतिक गति देखाएर पार्टीमा प्राणवायुको सञ्चार गरेको छ। सम्भवतः सल्लाघारीको उपस्थितिले एमाले सकिएको ठानेर रमाउनेहरूको निद्रा खलखल्याउनेछ। जेहोस्, एमाले महाधिवेशनपछि थप सुदृढ र जीवन्त बन्न सकोस् भन्ने शुभकामना !

## भौतिक पूर्वाधार...

विद्यार्थी संख्या अध्ययनरत रहेको यस क्याम्पसको भौतिक विकास र शैक्षिक सुधारका लागि लहान नगरपालिका र दाता परिवारबाट निरन्तर सहयोग भइरहेको क्याम्पस प्रमुख सञ्जय चौधरीले बताउनुभयो।

लहान क्याम्पसका सञ्चालक समितिका अध्यक्ष लहान नगरप्रमुख महेशप्रसाद चौधरी र दाता परिवारको तर्फबाट मन्नार्थ अध्यक्ष मुरारीलाल मुरारकाले यस क्याम्पसलाई बदलिँदो परिस्थितिमा समयानुकूल आवश्यकता अनुसारको प्रविधि शिक्षाका लागि प्रयासरत रहेको विश्वास व्यक्त गर्नुभयो। देशकै नमूना क्याम्पस बनाउने संकल्पका साथ लागि परेको उहाँहरुले दृढता पनि व्यक्त गर्नुभयो।

## भौतिक पूर्वाधार...

क्षेत्रका विभिन्न बाटो प्रयोग गरी माछा भित्र्याउने गरेको आरोप छ। मुङग्री माछा मानव स्वास्थ्यका लागि जोखिमयुक्त हुने, अस्वस्थकर वातावरणमा हुर्काइने र रसायनको प्रयोग हुने सम्भावनाका साथै यसले स्थानीय वातावरण तथा जलचर प्रणालीमा नकारात्मक असर पार्ने भएकाले नेपाल सरकारले यसमाथि प्रतिबन्ध लगाएको हो। बरामद गरिएको माछा इलाका प्रहरी कार्यालय परिसरमा स्थानीय जनप्रतिनिधिको रोहबरमा नष्ट गरिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# देशलाई नयाँ दिशा दिने प्रमको खोजी

**केशव पाठक**

नेपाल फेरि ऐतिहासिक मोडमा उभिएको छ। यो मोडको पटाक्षेप गर्नेछ फागुन २१ मा हुने भनिएको प्रतिनिधि सभा निर्वाचनले। यो ऐतिहासिक मोडमा आइपुग्दा नेपालसँग न त अघिल्लो दशकका संघर्षहरू पूरा भएका कथा छन् न त देश स्थिर र आत्मविश्वासी यात्रामा हिँडेको लय छ। अस्थिरताका लामो किस्साबीच फागुन २१ मा हुने निर्वाचनले नेपाल के हुन्छ वा कता जान्छ भन्ने आधार तय गर्नुछ। चरम राजनीतिक अस्थिरता, पुनरावृत्ति भइरहने अनुत्पादक गठबन्धन, पुराना नेताहरूबीचको पदको व्यापार, जनताभन्दा पार्टी स्वार्थलाई बढी प्राथमिकताका किस्साहरूबीच नागरिकलाई एउटै प्रश्नतर्फ धकेलेको छ "अब देशको भविष्य कसले सम्हाल्छ ? नयाँ दिशा कसले दिन्छ ?"

आज यो प्रश्नको उत्तर खोज्दा जनताको मनमा केही नाम सबैभन्दा बढी प्रतिध्वनित हुन् सक्छन्। तिनमा सम्भावनाका कसीमा हुँदै नभएका नाम पनि पर्ने गरेको छ भने सम्भावना भएका केही पात्र पनि यी नामहरूमा सम्मिलित छन्। ती नामहरू उल्लेख गर्नुपूर्व नागरिकले नयाँ अनुहार 'ड्राइभिङ सिट'मा राख्न परेको बाध्यताका केही पक्षहरूबो चर्चा गरौँ। पुरानो राजनीतिले छोडेको तिक्ततापूर्ण रिक्तता र नयाँ नेतृत्वको अपरिहार्यतासँग दुई दशक लामो संक्रमण, पाँच संविधान संशोधन, असंख्य सरकारका यावत् विषयहरूमा रूमल्लिन सकिन्छ। विशेषगरेर ३ दशकदेखि बेरोजगारी उस्तै, युवाको पलायन भनै बढ्दो, भ्रष्टाचारले भत्किएका संस्थाहरू अनि स्वास्थ्य, शिक्षा, यातायातलगायत सबै क्षेत्रमा देखिने अस्तव्यस्तताले नयाँ नेतृत्वको अपरिहार्यता उजागर गर्छ।

आजका नागरिक पुराना नेताहरूका भाषण र व्यवहारबीचको दूरी देखेर थाकिसकेको अवस्था छ। नागरिकहरू भन्छन्— "अब अनुभवी मात्र भएर हुँदैन, समसामयिक समस्या बुझ्ने, सिस्टम चलाउने क्षमता भएका नेतृत्व चाहिन्छ।" यही रिक्तता पूर्ति गर्न नयाँ अवतारका रूपमा युवामन्त्री पात्र नागरिकले चाहेको देखिन्छ। तीमध्ये चर्चामा रहेको एउटा नाम हो नेपाली कांग्रेसको महामन्त्री गगन थापा। थापाले आफूलाई विकल्प होइन अनिवार्य पात्रका रूपमा प्रस्तुत गर्दै आएका छन्। थापासँगै थुप्रै नयाँ तथा पुराना दलका पात्रहरू प्रधानमन्त्री दावेदार छन्। कुलमान घिसिङ, हर्क साम्पाङदेखि जेलमा रहेका रवि लामिछाने वा काठमाडौं महानगरका मेयर बालेन साहलाई प्रधानमन्त्रीका रूपमा देख्न चाहनेहरू पनि छन्। जेन–जी आन्दोलनलगत्तै मेयर साहलाई प्राप्त भएको प्रधानमन्त्री पद समाल्न उनले आँट देखाउन नसकेको पनि चर्चा छ।

देशको पुरानो र ठूलो पार्टी भएकाले पनि चुनावपछि कांग्रेस महामन्त्री गगन थापा प्रधानमन्त्री बन्ने आकलन स्वाभाविक हो। यद्यपि, कांग्रेस पार्टीले उनलाई प्रधानमन्त्री तोकेर चुनावमा जाने निर्णय हुन सजिलो छैन। तर कांग्रेसले महामन्त्री थापालाई प्रधानमन्त्रीका रूपमा अघि सारे चुनावको वातावरण फरक हुने अनुमान सहजै लगाउन सकिन्छ। बूढाहरूको पुरानो पार्टीका रूपमा पहिचान बनिरहेको कांग्रेसले थापालाई अगाडि बढायो भने कांग्रेस देशको सबैभन्दा ठूलो पार्टी हुनेमा धेरैको सहमति देखिन्छ। थापाको राजनीतिक यात्राको महत्त्वपूर्ण पक्ष जनविश्वास जित्ने उनको शैलीलाई मान्न सकिन्छ। उनको लोकप्रियताभित्र युवा हुनुको महत्त्व, शिर ठाडो गरेर बोल्न सक्ने हैसियतदेखि सडकमा भिड जम्मा गर्न क्षमतासम्म पर्छन्। तर यो क्षमता अब गगन थापासँगमात्र खोज्नुपर्ने अवस्था छैन। देशमा यस्ता क्षमताका प्रशस्त व्यक्तिहरू छन्। अझ उनीभन्दा अब्बल पनि देखिन थालिसकेका छन्।

गगन थापाको उचाइ राष्ट्रिय राजनीतिमा दरिलो हुनुको असली कारणहरूमध्ये एक हो – उनको संवादमा आधारित राजनीति। सडकमा भेटिएका नागरिकदेखि लिएर संसदसम्म उनले गरेको संवाद सधैँ तथ्य, समाधान र जवाफदेहीमा आधारित हुने गरेको छ। संवादसँगै नीतिमा आधारित दृष्टि राख्ने थापाले सदैव संरचनागत सुधार, बजेटमा प्राथमिकतागत पुनर्संयोजन, काठमाडौंको वातावरण नीतिदेखि स्वास्थ्य, शिक्षा र प्रशासनको आधुनिकिकरणमा जोड दिनेगरेका छन् जुन उनको दक्षता र सोचको प्रामाणिक आधार पनि हुनेगरेका छ।

नेपालको समस्याग्रस्त राजनीतिमा पारदर्शी चरित्र सबैभन्दा भेट्न कठित विषय हो। पारदर्शी चरित्रबिना राजनीतिमा साहसिक सोच ल्याउन मुस्किल हुन्छ। महामन्त्री थापा समकालीन नेपाली राजनीतिमा पारदर्शी व्यक्तिका रूपमा देखिन्छन्। एउटा दलभित्रै बस्दा पनि आ नै नेतृत्वका गल्तीहरूमा खुलारूपमा आलोचना गर्ने साहस देखाउने एकमात्र व्यक्ति थापा हुन्। नेपालको राजनीतिक संस्कृति हेर्दा यो असाधारण साहस मान्नुपर्छ।

नेपाली राजनीतिमा सबैभन्दा ठूलोरूपमा भाँगिएको कुसंस्कार नेताहरूको वैयक्तिक चिन्तान शैली हो। नेपाली नेता 'टीम प्लेयर' जस्तो कहिल्यै देखिँदैनन्। तर गगन थापाको आजसम्मको जीवनवृत्त केलाउने हो भने उनले व्यक्तिगत लोकप्रियताभन्दा संस्थागत सुदृढीकरणलाई प्राथमिकता दिएको देखिन्छ। सम्भवतः यही गुणले पुराना राजनीतिक दलहरूमा उनलाई 'विश्वास गर्न मिल्ने नेता' को कोटीमा राखिएको हो। नयाँ प्रधानमन्त्रीको खोजीसँग देशको मनोवैज्ञानिक अवस्थासँग जोडिन आवश्यक छ। नेपालमा आजको मुख्य माग 'दूरदृष्टियुक्त, इमानदार र कार्यान्वयन क्षमता भएको प्रधानमन्त्री' हो। यसका लागि उपयुक्त पात्र को हो भनेर सोच्दा नागरिकले अब उमेर मात्रहेर्दैनन् उनीहरू मिसन, नैतिकता, दृष्टि र कार्यक्षमता पनि हेर्छन्। मुख्यकुरा नेताको मिसन र कार्य क्षमताले नै उसलाई अब्बल बनाउँछ।

कांग्रेस महामन्त्री थापाले पछिल्ला १ दशकमा भाषणदेखि लिखित डकुमेन्टकै रूपमा पनि केही महत्त्वपूर्ण कुराहरू स्पष्ट राखेका छन्। गगन थापाले लोकप्रिय नारा होइन प्रक्रियाको पैरवी गर्दै आएका छन्। थापाले बनाएको देश विकासको खाकामा आधुनिक प्रशासनिक दृष्टिकोण मुख्य विषय हो जसमा नेपालका मन्त्रालयहरूको व्यवस्थापन र डिजिटलाइजेसन, तथ्याङ्कमा आधारित निर्णय, स्वचालित सेवा वितरण महत्त्वपूर्ण विषय हुन्। थापाका यस्ता कुराले नागरिकमा ऊर्जा र विश्वास ल्याउने गरेको छ। कांग्रेस महामन्त्री थापाले कुनै एउटा अन्तर्वार्तामा भनेका पनि थिए आजको चुनाव सिटको लडाइँमात्र होइन 'विश्वासको राजनीतिको पुनःस्थापना' पनि हो। गगन थापालाई कांग्रेसका तर्फबाट प्रधानमन्त्रीका रूपमा सोच्नु र उनी वास्तविकरूपमा प्रधानमन्त्री बन्नका लागि चुनावमा होमिनुबीच कांग्रेसभित्रको अन्तर्पार्टी द्वन्द्व मुख्य विषय बनेर आउँछ। कांग्रेसको आन्तरिक द्वन्द्व बढेमा 'गगन सम्भावना' पनि कमजोर हुनसक्छ।

नेपाली कांग्रेस यतिखेर दुई दिशामा तानिएको छ – १. पुरानो संरचना ( स्थिर तर परिवर्तनको गतिसँग जुध्न नसक्ने) र २. नयाँ पुस्ता (ऊर्जा, दृष्टि र आधुनिक मानकसहित)। गगन थापा दोस्रो वर्गका प्रतिनिधि मत्र होइनन् त्यस पुस्ताको नेतृत्व गर्ने 'क्याप्टेन' हुन्। नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशनको सम्मुखमा स्थानीय तहका नेता कार्यकर्तामा गगनलाई भविष्यको नेतृत्वका रूपमा समर्थन बढिरहेको छ। तर दशकौंदेखि खाइपाई आएका बृद्ध नेताहरूले गगन थापालाई कांग्रेसको नेतृत्व आउन नदिन एउटा अभियाननै संचालन गरिरहेका छन्। कांग्रेसमा सभापति नबनी प्रधानमन्त्री हुने सम्भावना एकदमै कमजोर छ। अरू कोही सभापति बनेर थापा प्रधानमन्त्री हुने सम्भावना कमै देखिन्छ। त्यसैले कांग्रेसले थापा वा सो पुस्तालाई नेतृत्वमा ल्याउने अवसर चुकायो भने कांग्रेसभित्रकै नयाँ पुस्ताको ऊर्जा पनि अन्य विकल्पतर्फ जाने जोअम छ। यसले पार्टीलाई पक्कै पनि कमजोर बनाउनेछ।

गगन थापालाई सभापतिका रूपमा अघि सार्दा कांग्रेसले "पुरानो अनुभव + नयाँ ऊर्जा + सुधारवादी एजेन्डा" को दुर्लभ संयोजन प्राप्त गर्ने सम्भावना हुँदाहुँदै पनि कांग्रेसभित्र थापाविरोधी अभियान चर्कने डर पनि छ। थापालाई सभापति नबनाउन कांग्रेसभित्रको 'दाइ पुस्ता' पक्कै लाग्नेछ। फागुन २१ मा हुने आगामी चुनाव शक्ति सन्तुलनको खेलमात्र हुनेछैन। बरु यस चुनावले नेपालले कुन राजनीतिक दर्शन रोज्छ भन्ने निर्णय पनि गर्नेछ। यस अवसरमा कांग्रेस–एमालेजस्ता पुराना राजनीतिक पार्टीले आफूलाई कसरी उभ्याउँछन् भन्ने विषयले धेरै कुरा तय गर्नेछ। यो चुनाव पुराना दल तथा दर्शन विरुद्ध नयाँ अप्रतिबद्ध राजनीतिक सोचका बीच हुनेछ।

यतिखेर पनि कांग्रेसलगायत पुराना दलहरू शक्ति गणित, सौदाबाजी, अल्पकालीन स्थिरतामै रूमल्लिएका छन्। यी पार्टीभित्र सुधार, समस्याहरूको तत्काल समाधान, दीर्घकालीन नीतिका बारेमा बहस छलफल हुनकै लागि पनि नयाँ अनुहार नेतृत्वमा आउन पर्नेहुन्छ। जेन–जी आन्दोलनपछिको खारिएको नेपालको नयाँ पुस्ता, मध्यमवर्ग, प्रबुद्ध मतदाता र विदेशबाट हेर्दै गरेका लाखौँ नेपाली युवाको नजर अहिले यतैतर्फ छ। अन्त्यमा, यतिखेर देशलाई नयाँ दिशा दिने प्रधानमन्त्रीको आवश्यकता राजनीतिक विषयमात्र नभएर राष्ट्रिय अनिवार्य सर्त बनेको छ। यो अनिवार्य सर्तमा गगन थापा अपरिहार्य पात्र हुन् कि हैनन् भन्ने विषयमा अब व्यापक बहस हुनुपर्छ। उनीभित्र देखिने सुधारवादी व्यक्तित्व, तथ्यमा आधारित वक्ता, प्रगतिशील दृष्टि भएको योजनाकार र जनउत्तरदायी राजनीतिक संस्कृतिको अग्रदूतको आयामलाई जाँच्ने बेला हो यो।

नेपाल आज एउटा विरोधाभासको घेरामा छ। राम्रो के ? वा राम्रो को ? भन्ने परख गर्न एकदमै असहज अवस्था छ। म्याद सकिएकाहरू पनि हामी नै राम्रो भनेर निस्किसकेका छन्। यसले नयाँ अवस्था भनेको प्रतिक्रान्ति नै हो भनेर ठोकुवा गर्न प्रेरित गर्दैछ। प्रतिक्रान्ति भन्नेहरूलाई निस्तेज गराउनै पनि ठूला पार्टीभित्र युवा नेताहरूले वातावरण बनाउन आवश्यक छ। यद्यपि सम्भावना ठूलो छ तर नेतृत्व क्षीण छ। जनशक्ति धनी छ तर नीति कमजोर छ। युवा अत्यन्त सक्षम छन् तर देशले उनीहरूलाई प्रेरित गर्न सकेको छैन। यस अवस्थामा देशले २०२५ को चुनावपछि 'नयाँ दिशा' रोज्नु पर्छ भने गगन थापा वा उनीजस्ता अरू पनि कतिपय पात्रका बारेमा व्यापक छलफल/बहस/अन्तर्क्रिया हुनु आवश्यक छ। बाह्रखरीबाट

# भ्रष्टाचारीलाई कारबाहीको माग गर्दै वीरगन्जमा जेनजीको मोटरसाइकल र्‍याली

वीरगन्ज, २७ मंसिर। कमन जेनजी नेपाल र जेनजी नेपालले आज वीरगन्जमा मोटरसाइकल र्‍याली निकालेको छ। जेनजीका हत्यारा, भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, जेनजीसँग गरिएका नक्कली सम्झौता खारेज गर्नुपर्ने लगायतका माग गर्दै मोटरसाइकल र्‍याली निकालिएको हो। वीरगन्जको लाल बंगलाबाट निष्केको मोटरसाइकल र्‍याली घण्टाघर, माइस्थान, नारायणी अस्पताल, रजत जयन्ती चौक, आदर्श नगर हुँदै घण्टाघरमा पुगेर समापन भएको थियो। सुशीला कार्की नेतृत्वको सरकारले जेनजीका हत्यारा र भ्रष्टाचारीलाई कारबाही गर्न असफल भएको भन्दै उनीहरूले प्रधानमन्त्रीको राजीनामा समेत माग गरेका छन्।

जेनजीका हत्यारा र भ्रष्टाचारीलाई कारबाही गर, जेनजी आन्दोलनलाई संस्थागत गर, निकास बिना निर्वाचनको औचित्य छैन, देखावटी सम्झौता हाम्रो माग हैन, जेनजीको माग सुनिश्चित गर, जेनजी माथिको दमन बन्द गर, हत्यारा र भ्रष्टाचारीलाई कारबाही गर, सुशीला तिम्रो पाराले दुःख पाए साराले, सुशीला सरकार मुर्दावाद, हत्यारालाई पक्राउ गर, भ्रष्टाचारीलाई कारबाही गर, पक्राउ परेका जेनजीलाई यथाशिघ्र रिहाइ गर लगायतका नारा लगाउँदै र्‍याली निकालिएको हो।

मोटरसाइकल र्‍याली निकाल्नुभन्दा अघि कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले बिहीबार काठमाडौँमा पत्रकार सम्मेलन गर्दै हालै सरकार र जेनजीबिच भएको सम्झौता धोका भएको बताउँदै र्‍यातेर विरोध गरेका छन्। अध्यक्ष साहले जेनजी आन्दोलनकारी माथिको धरपकड बन्द गर्नुपर्ने र पक्राउ परेकालाई रिहाइ गर्नुपर्ने लगायतका माग आफूहरूको रहेको कमन जेनजी नेपालले जनाएको छ।

'जेनजीका हत्यारा र भ्रष्टाचारीलाई पक्राउ गर्न नसक्ने सुशीला सरकारले जेनजी आन्दोलनकारीलाई पक्राउ गरेर बहादुरी देखाइरहेको छ। जेनजीका हत्यारा केपी ओली, रमेश लेखक लगायतलाई यथाशिघ्र पक्राउ गरी कारबाही गर्न हामीले माग गर्दै आएका छौं,' साहले भने, 'तर यो सरकारले हत्यारालाई पक्राउ गर्न सकेको छैन। नाटक मात्रै गरिरहेको छ। फेक आइडीबाट बनेको सरकारले फेक जेनजीलाई राखेर सम्झौताको नाटक गरिरहेको छ।'

सरकारद्वारा हालै प्रस्तुत गरिएको सम्झौता पत्रले जेनजी जनआन्दोलनको वास्तविक मर्म, मुद्दा र जनआवाजलाई पूर्ण रूपमा बेवास्ता गरेको जेनजी नेपालका संयोजक कृष्णमोहन सहनीले जनाएका छन्। सरकारले देशको राजनीतिक संकट समाधान गर्न आवश्यक मूल प्रश्नहरूलाई सम्बोधन गर्न असफल भएको सहनीले बताए। 'फेक आइडीबाट बनेको सुशीला सरकारले अझै पनि आफ्नै निर्देशनमा चल्ने फेक जेनजीहरूलाई राखी गरेको सम्झौता मान्य छैन। देशव्यापी रूपमा उभिएको परिवर्तनको चाहना, युवाहरूको बलिदान र जनताको भरोसालाई कमजोर बनाउने यस्तो सम्झौताप्रति कमन जेनजी नेपाल कडा विरोध गर्दछ,' अध्यक्ष साहले भने।

र्‍यालीमा अध्यक्ष साह, जेनजी नेपालका कृष्णमोहन सहनीका साथै निकोलस भुसाल लगायतको सहभागिता रहेको थियो।

*कमला पुलको ...*

आफै पुगेर सो पुलको निरिक्षण गरेका थिए। उनले चाँडै नै निर्माण प्रक्रिया बढाउने प्रतिबद्धता जनाउँदै फर्केका थिए।

पुल के कति कारण भासिएको प्रतिवेदन अध्ययन गरी मन्त्री घिसिङले छानबीन प्रक्रिया अघि बढाउन थाल्न लागेको ती श्रोतको भनाई छ। उक्त पुलको डिजाइन स्वीकृतमा संलग्न तत्कालीन सडक बिभागका महानिर्देशक दिनकर शर्मा, बोलपत्र स्वीकृति प्रक्रियामा संलग्न महानिर्देशकहरु माधवकुमार कार्की, रामकुमार लम्साल, हरिओम श्रीवास्तव रहेका थिए। पुल निर्माण गर्ने ठेक्का तत्कालीन सांसद हरिनारायण रौनियारको पप्पु कन्स्ट्रक्सन र बिष्णुप्रसाद शर्मा संचालक रहेको लुम्बिनी बिल्डर्स प्रालिले पाएका थिए। उक्त पुल २०६८ जेठमा करिब २५ करोड रुपैयाँमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। सम्झौता अनुसार उक्त पुल २०७१ मंसिरमै सम्पन्न भइसक्नुपर्ने थियो। तर आठ पटक थपिएको म्यादसमेत गएको २०८२ असारमै समाप्त भइसकेको छ।

पुलको अवस्था भने जस्ताको तस्तै छ। उक्त पुल निर्माण अलपत्र रहँदा सिरहा र धनुषाका बासिन्दा एक अर्को जिल्लामा जान करिब ५० किलोमिटर घुम्न बाध्य छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङले सडक बिभाग अन्तर्गतका बर्षौंदेखि अलपत्र पारिएका ठेक्का तोड्ने, काम नगर्ने कम्पनीलाई कालोसूचीमा राख्ने अभियान नै चलाएका छन्।

तर त्रुटिपूर्ण डिजाइन गरेकै कारण कमला पुल भासिएको तथ्य उजागर भएपछि त्यसको छानबीन प्रक्रिया अघि बढाउने भएको छ। मन्त्री घिसिङले नवौं पटक ठेक्का म्याद थप नहुने प्रतिबद्धता जनाएपनि महानिर्देशक जैशीले कूटनीतिक शैलीमा ठेक्का म्याद थप प्रक्रिया अघि बढाइसकेको छ।

## बर्दिवासमा नाबालिकामाथि यौन हिंसा : धम्की र प्रलोभनबिच ढाकछोप प्रयास

**अजय शाह**

महोत्तरी, २७ मंसिर। महोत्तरीको बर्दिवासमा एक नाबालिकामाथि भएको बलात्कारको घटना एक सातापछि खुलेसँगै प्रहरीले आरोपीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीको अनुसार बर्दिवास नगरपालिका–१२ मा नाबालिकामाथि भएको बलात्कारको घटना एक सातासम्म लुकाइएपछि मात्र सार्वजनिक भएको हो। गाउँमै मिलाउने नाममा पीडित परिवारलाई धम्की र आर्थिक प्रलोभन दिँदै आएका मुख्य आरोपीलाई प्रहरीले छलफल चलिरहेकै अवस्थामा पक्राउ गरेपछि घटना बाहिर आएको हो।

पीडित बालिकाका अनुसार गत शुक्रबार विद्यालयबाट घर फर्किएपछि किताब राखेर खेतमा काम गर्न जाँदा छिमेकी राजेन्द्र महतोले 'माया गर्छु, पैसा पनि दिन्छु' भन्दै बलात्कार गरेका थिए। घटनाका बेला खेतमा मल लिएर पुगेकी आमाले छोरीले रोइकराई रहेको सुनेर हेर्दा आरोपी भागेका थिए र आफूले छोरीलाई सम्हाल्दै घर ल्याइएको पीडितकी आमाले बताउनुभयो।

घटना कसैलाई बताएमा बदनाम हुने र ज्यान मार्ने धम्की दिँदै चुप लाग्न दबाब दिइएको पीडित पक्षको भनाइ छ। घटनाकै राति आरोपी पक्षका मानिसहरू घरमै आएर डर धाक धम्की दिएर प्रहरीमा उजुरी दिन खोज्दा ज्यानले मार्ने भन्दै धम्क्याइएको आमाले जानकारी दिनुसभयो।

धम्कीका साथै ६ लाख रुपैयाँसम्मको प्रलोभन देखाएर घटना मिलाउन दबाब दिइएको र बाटो छेकेरै छलफलमा बस्न बाध्य पारिएको पीडित परिवारको आरोप छ। बिहीबार दिउँसो करिब २ बजे २०–२५ जनाले घेराबन्दी गरी सहमति गर्न दबाब दिइरहेका बेला इलाका प्रहरी कार्यालय बर्दिवासले आरोपित बर्दिवास–१२ बस्ने राजेन्द्र महतोलाई पक्राउ गरेको हो।

बिहीबार नै पीडितले दिएको जाहेरी अनुसार महतोलाई शुक्रबार ३ दिनको म्याद थप गरी हिरासतमा राखिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पीडितले दिएको जाहेरीका आधारमा महतोलाई तीन दिनको म्याद थप गरी हिरासतमा राखिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी शैलेन्द्रकुमार भट्टले पटक–पटक छलफलका नाममा पीडितमाथि दबाब दिएको सूचना पाएपछि पक्राउ गरिएको बताउनुभयो। पक्राउपछि आरोपीको स्वास्थ्य परीक्षण गरिएको र रिपोर्ट प्राप्त भएपछि थप कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ।

पीडित पक्षले बर्दिवास–१३ का वडाध्यक्ष लक्ष्मण सिंहसहित केही स्थानीय भद्रभलाखमीले समेत गाउँमै घटना मिलाउन दबाब दिएको आरोप लगाएका छन्। तर वडाध्यक्ष सिंहले आफू घटनामा संलग्न नरहेको र यसबारे कुनै जानकारी नभएको दाबी गर्नुभयो। महतो पक्राउ परेको दिन आफू अन्य कामका लागि प्रहरी कार्यालय पुगेको उहाँको भनाइ छ।

पीडितका अनुसार जनता माध्यमिक विद्यालय डाँडाटोल विजलपुराका व्यवस्थापन समितिका पूर्वअध्यक्ष रमेश महतोसहित केही गाउँलेहरूले पनि पटक–पटक घर घेरेर दबाब दिँदै आएका थिए।

## मधेसका प्राकृतिक विपद् प्रभावित किसानलाई राहत प्रदान गर्न बजेट अभाव

**नवीन प्रियदर्शी**



जनकपुरधाम, २७ मंसिर। प्राकृतिक विपद्का कारण यो वर्ष मधेसमा खाद्यान्न उत्पादन घटेको छ। गत कात्तिकमा आएको अविरल वर्षाका कारण धान, तरकारी बालीमा क्षति भोगेको मधेसले त्यसअघि असार–साउनमा वर्षा नहुँदा धान रोपाइँमा असर झेलेको थियो। प्राकृतिक विपद् प्रभावित किसानले सरकारबाट राहत पाउन नसकेको गुनासो गरेका छन्। महोत्तरीका किसान राजकुमार मण्डलले भने, 'धान पाकिसकेको थियो, भित्र्याउने तयारीमै थियौं। पानी परेपछि खेतमै लडेर बिग्रियो। यो वर्ष कसरी गुजारा चलाउने हो ? थाहा छैन।'

बेमौसमी वर्षाले धानसँगै तरकारी, दलहन, तेलहन र आलुजस्ता नगदे बालीमा पनि ठुलो क्षति भएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ। सो कार्यालयका प्रवक्ता अविरल महतोका अनुसार ४० हजार ३२१ हेक्टर धान खेतीयोग्य जमिनमध्ये खडेरीका कारण ३० हजार हेक्टरमा मात्र रोपाइँ भएको थियो। त्यसमा पनि धान भित्र्याउने समयमा आएको वर्षाले धान बालीमा ठुलो क्षति भएको कार्यालयले जनाएको छ।

गत वर्ष महोत्तरीमा १ लाख २४ हजार मेट्रिक टन धान उत्पादन भएकोमा यस वर्ष २०–२५ प्रतिशतले उत्पादन कम हुने अनुमान गरिएको छ। महोत्तरीकै अर्का किसान धर्मनाथ यादवले सरकारबाट राहत पाउन नसकेको गुनासो गरे। 'सरकारले राहत दिन्छ भनेको सुनेका हुँ,' उनले भने, 'तर कहाँ छ त्यो राहत ? कहिले आउँछ ? हामीले अहिलेसम्म पत्तो पाउन सकेका छैनौं।' किसानहरूले तत्काल क्षतिको मूल्यांकन, राहत प्याकेज, बिउ–बिजन सहयोग र राहत कर्जा व्यवस्था गर्न सरकारसँग माग गरेका छन्।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका बाली विकास अधिकृत रोविन बस्नेतले संघीय सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणापछि मधेस प्रदेशका किसानलाई क्षतिपूर्ति बमोजिम राहत उपलब्ध गराउन नसकेको स्वीकार गरेका छन्। अधिकृत बस्नेतले शुक्रबार रातोपाटीसँग कुराकानी गर्दै संघीय सरकारले किसानलाई क्षतिपूर्ति दिने घोषणा गरे पनि आवश्यक बजेट अभावमा रकम उपलब्ध गराउन नसकेको बताए। उनले भने, 'मधेस प्रदेश सरकारको सिफारिसमा संघीय सरकारले मधेस प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। त्यसमा मधेस प्रदेशका आठ वटै जिल्लाका ज्ञान केन्द्रमार्फत सिँचाइका लागि सूचना जारी गरिएको थियो, तर बजेटको सीमितता र माग संख्याभन्दा धेरै आवेदन आएकाले प्रक्रिया नै रोक्नु परेको छ।'

उनले तीन महिनाका लागि सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको, तर तोकिएको समय बितिसकेकाले आवेदनमाथि विचार विमर्शका लागि मन्त्रालयबाट थप निर्णय हुने प्रस्ट पारे। मधेस प्रदेशमा आर्थिक वर्ष २०८२/०८२ मा ३ लाख १९ हजार ६२६ हेक्टरमा धान खेती भएको बताउँदै उनले सुक्खाकै कारण विगतका वर्षको तुलनामा यस वर्ष कम क्षेत्रफलमा धान लगाइएको जानकारी दिए। गत कात्तिक १३ देखि १५ गतेसम्म मधेस प्रदेशमा अविरल वर्षाबाट मधेस प्रदेशको कृषि क्षेत्रमा २४ करोड २२ लाख ७३ हजार रुपैयाँभन्दा बढीको क्षति भएको छ।

मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार सप्तरीमा २०.७५ मेट्रिक टन धानमा क्षति भएको छ। यस्तै, सिरहामा ६२.४०, धनुषामा १७१.६०, महोत्तरीमा २४९.६०, सर्लाहीमा २४९.६०, रौतहटमा २६५.२०, बारामा १८७.२० र पर्सामा ९३.६० मेट्रिक टन धानमा क्षति भएको छ। यस्तै तरकारी बालीतर्फ सप्तरीमा ६७.५० मेट्रिक टन, सिरहामा १०८, धनुषामा ७४२.५०, महोत्तरीमा एक हजार ३२३, सर्लाहीमा एक हजार २१५, रौतहटमा ४०५, बारामा एक हजार २१५ र पर्सामा १३५ मेट्रिक टन क्षति भएको छ।

यसैगरी सप्तरीमा १३२ मेट्रिक टन केरा, महोत्तरीमा ९०० मेट्रिक टन उखु नष्ट भएको मन्त्रालयले जनाएको छ। सर्लाहीमा एक हजार १२५ मेट्रिक टन, बारामा एक हजार ३५ मेट्रिक टन उखुसमेत वर्षाले नष्ट भएको मन्त्रालयले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री वितरण



**प्रवीण कुमार शर्मा**

रौतहट, २७ मंसिर। सर्लाहीको एक सामुदायिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा (स्विटर), टोपी, मोजा तथा विद्यालयलाई खेलकुद र शैक्षिक सामग्री वितरण गरिएको छ। नारी स्रष्टा समाज नेपालका अध्यक्ष एवम् साहित्यकार ममता मृदुलले विद्यालयमा शुक्रबार आयोजित एक कार्यक्रमबिच विद्यार्थीहरुलाई न्यायो कपडा तथा विद्यालयलाई खेलकुद र शैक्षिक सामग्री वितरण गर्नुभएको हो।

समाजका अध्यक्ष साहित्यकार मृदुलले सर्लाही गोडैता नगरपालिका –५ रामबनस्थित श्रीमती सरस्वती देवि कुशवाहा सामुदायिक आधारभूत विद्यालय तथा त्यहाँ अध्ययनरत विद्यार्थीलाई उक्त सामग्री वितरण गर्नुभएको हो। कक्षा एकदेखि ८ सम्म पढाइ हुने उक्त विद्यालयमा अध्ययनरत करिब २५ जना विद्यार्थीलाई न्यानो कपडाका साथै विद्यालयलाई भलिबल, फुटबल, बास्केटबल, ब्याडमिन्टन लगायतका खेलकुद सामग्री र विभिन्न किता बवितरण गरेको साहित्यकार मृदुलले बताउनुभयो।

उहाँका अनुसार विद्यार्थीलाई एक–एक वटा न्यानो स्विटर, टोपी र मोजा वितरण गरिएको छ। सामुदायिक विद्यालयका अति विपन्न विद्यार्थीलाई जाडोको समयमा नयमित विद्यालय आउने वातावरण बनाउन साथै उनीहरूको पढाइलाई सुधार तथा गुणस्तरीय बनाउनमा सहयोग पुऱ्याउने उद्देश्यले विद्यालयलाई शैक्षिक र खेलकुद सामग्री वितरण गरेको उहाँको भनाइ छ।

समाजका अध्यक्ष साहित्यकार मृदुलले वितरण गर्नुभएको स्विटर, टोपी, मोजा, खेलकुद र शैक्षिक सामग्रीले विद्यार्थीका साथै विद्यालयलाई राहत मिलेको विद्यालयका संरक्षक तथा बज्जिका साहित्य समाज सर्लाहीका अध्यक्ष रामचन्द्र महतोले बताउनुभयो। अहिलेको जाडो मौसममा न्यानो स्विटर, टोपि, मोजा पाएपछि विद्यार्थी हर्षित भएका छन्। साहित्यकार मृदुलको सहयोगको विद्यालयका तर्फबाट कदर गर्दै उहाँलाई मायाको चिनोद्वारा सम्मान गरिएको विद्यालयका प्रधानाध्यापक रामप्रकाश महतोले बताउनुभयो। सामग्री वितरण कार्यक्रममा विश्व नेपाली साहित्य समाज ललितपुरका अध्यक्ष निता श्रेष्ठ, बज्जिका साहित्य समाज सर्लाहिका सचिव मुकेश मिश्र लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो।

# चार वर्षमा चार हजार भन्दा बढीले गुमाए ज्यान

विनय कर्ण

सप्तरी, २७ मंसिर। मधेश प्रदेशमा आत्महत्या गर्नेको संख्यामा वृद्धि हुँदै गएको तथ्याङ्कले देखाएको छ। विगत चार वर्षको अवधिमा चार हजार पाँच सय ८९ जनाले आत्महत्याबाट ज्यान गुमाएका छन्। त्यसमा पनि एक वर्ष यता मात्रै यस प्रदेशमा एक हजार दुई सय २२ जनाले आत्महत्या गरेको तथ्याङ्क सार्वजनिक भएको र त्यसमा पनि महिलाको संख्या बढी देखिएको हो।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालय जनकपुरका प्रमुख बुद्धनारायणा सहनीले राजविराजमा आयोजित एक कार्यक्रममा प्रस्तुत गर्नुभएको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा एक हजार १८, २०७९/०८० मा एक हजार ६९, २०८०/०८१ मा एक हजार दुई सय ८०, २०८१/०८२ मा एक हजार दुई सय २२ गरी चार वर्षको अवधिमा चार हजार पाँच सय ८९ ज्यान गुमाएको बताउनुभयो।

उहाँले आत्महत्याको घटनामा भइसकेपछि त्यो किन भएको हो ? घटना हुनु अधिको अवस्थाबारे अनुसन्धान नहुँदा पनि समाजमा यस्ता घटना बढेको तर्क गर्नुहुँदै यसप्रति बेलैमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। आत्महत्याको दर बढ्ने क्रम जारी रहँदा सरोकारवालाले भने चिन्ता व्यक्त गरेका छन्। आर्थिक समस्या देखी प्रेम सम्बन्ध, पारिवारीक कलह, बेरोजगारी, मानसिक तनाव, असफलता लगायतका विविध कारणले व्यक्ति आत्महत्याको बाटो रोज्ने गरेको चिकित्सक कालीप्रसाद यादवले बताउनुभयो।

समाजिक, आर्थिक, पारिवारिक र मानसिक हिसाबले सम्पन्न र स्वस्थ नहुँदा पनि आत्महत्याका घटना बढ्ने गरेको उहाँको धारणा छ। समय मै परिवारका सदस्यले वा नजिकका साथी–भाईले त्यस्ता व्यक्तिको सङ्केत बुझेर गम्भीर पहल गर्ने हो भने यस्ता घटना टार्न सकिने महिला आयोगका सदस्य एवम् अधिकारकर्मी आभासेतु सिंहले बताउनुभयो। यसको न्यूनीकरणका लागी प्रहरी तथा सरोकारवालाहरुले समय समयमा सचेतना अभियान चलाउनुका साथै नयाँ सोच र नयाँ ढंगले अघि बढ्नुपर्ने मनोचिकित्सकहरुको सुझाव छ।

# समयमै काम नसक्ने व्यवसायीसँग निर्माण ठेक्का तोडिन्छः मन्त्री घिसिङ

रौतहट, २७ मंसिर। भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास एवं ऊर्जामन्त्री कुलमान घिसिङले समयमै पूर्वाधार निमार्ण सम्पन्न नगरे निर्माण कम्पनीको ठेकेदारसँग ठेक्का तोड्ने चेतावनी दिएका छन्। शुक्रबार रौतहटको चन्द्रपुर नगरपालिका–३ स्थित चाँदीनदीमा रहेको अलपत्र पुलको अनुगमन गर्दै उनले ठेकेदारले निर्धारित समयमा काम सक्नुपर्नेमा जोड दिए। मन्त्री घिसिङले ठेकेदार दयाराम साहलाई अनुगमनस्थलमा बोलाएर यथाशीघ्र अलपत्र पुलको काम सम्पन्न गर्न निर्देशन दिए। ठेकेदार साहले जेठभित्र कुनै पनि हालतमा काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएपछि मन्त्री घिसिङले यदी काम गर्न नसक्ने हो भने ठेक्का तोड्ने दिने चेतावनी दिए।

ठेकेदार साहले पुलको करिब ७५ प्रतिशत काम सम्पन्न भइसकेको जनाउँदै बाँकी आगामी जेठभित्र बाँकी काम गर्ने प्रतिबद्धता जनाए। पुल निर्माण गर्न पप्पु शिवशंकर जेभीले २०७४ असार ३१ गते २५ करोड ३६ लाख २४ हजारमा सम्झौता गरेको थियो। पुल सम्पन्न नहुँदा गैडाटारवासीले सास्ती खेप्दै आइरहेका छन्। मन्त्री घिसिङले हुलाकी राजमार्गअन्तर्गत रौतहट र सर्लाही जोड्ने गरी बागमती नदीमा बनाउन लागिएको बडहर्वा पुलको पनि अनुगमन गर्नुभयो। दुर्गा भगवती गाउँपालिका–५ बडहर्वास्थित बागमती नदीमा निर्माणाधीन पुल १५ वर्षदेखि अलपत्र छ।

विसं २०६७ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल तथा भौतिक निर्माण तथा यातायातमन्त्री विजयकुमार गच्छदारले संयुक्त रूपमा उक्त पुलको शिलान्यास गर्नुभएको थिए। उक्त पुल निर्माण हुन नसक्नुको कारणबारे आफूले छानबिन गर्ने मन्त्री घिसिङले बताए। विकासको मुख्य आधार भनेको पुल भएकाले यस्ता पूर्वाधार निर्माण र विकास रोक्न नहुने उनले धारणा राखे। पूर्वाधार निर्माणको अनुगमनसँगै मन्त्री घिसिङले शुक्रबार नै धार्मिक पर्यटकीय क्षेत्रको रूपमा रहेको रौतहटको शिवनगरस्थित शिव मन्दिरको अवलोकन गरेका छन्। बिहान उनले रौतहटको चन्द्रपुर–८ मर्धरमा 'जन्मदिनलाई सतकर्ममा जोडौँ' भन्ने अभियानअन्तर्गत वृक्षरोपण जन्मोत्सव कार्यक्रमको उदघाटनसमेत गरेका थिए।

# आगलागीबाट आठ लाखको क्षति

प्रवीणकुमार शर्मा

रौतहट, २७ मंसिर। रौतहटको माधवनारायण नगरपालिका–६, माधोपुरमा आगलागीबाट आठ लाख बराबरको क्षति भएको छ। स्थानीय सत्यनारायण यादवको ४० वर्षीय छोरा भोजेन्द्र राय यादवको खरको छानो भएको फुसको घरमा विद्युत् सर्ट भई शुक्रबार राति ११:५० बजेको समयमा आगलागी



भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदिप बस्यालले जानकारी दिनुभयो।

आगलागीबाट घर पूर्णरूपमा जलेर नष्ट भएको तथा घर भित्र रहेको धान, गहुँ, गरगहना, फर्निचर, लत्ताकपडा जलेको उहाँले बताउनुभयो। आगलागीबाट मानवीय तथा चौपाया क्षति नभएको एवम् घटना सम्बन्धमा थप अनुसन्धान कार्य अगाडि बढाइएको प्रवक्ता बस्यालले बताउनुभयो।





बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल




विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल




नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)